## मिति २०७७ साल श्रावन  २३ गतेको कार्यपालिकाको निर्णयहरु:

निर्णय नं.१,

प्रस्ताव नं. १ माथि छलफल गर्दा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.न.२३ मिति २०७७।४।१२ को पत्रबाट “यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना” अन्तरगत प्रत्येक गाउँपालिका तथा नगर पालिकामा स्थानीय सेवाको पाँचौ तह सरहको प्राविधिक सहायक पदको करारमा पदपूर्ति गर्न यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना( संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम **गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रि**या मिति २०७७।४।११ मा नेपाल सरकार(मन्त्री स्तरीय) निर्णयबाट स्वीकृत भएको छ । सो अनुरुप प्राविधिक सहायक करार पद एक महिना भित्र पदपूर्ति गरी सो को जानकारी गराउने भनि लेखि आएकोले सो अुनसार मिति २०७७।४।२१ मा सूचना प्रकाशित भएको र **गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया** अन्तरगत प्राविधिक सहायक पदपूर्तिको लागि गठन गरिने पदपूर्ति समितिमा स्थानीय तहले तोकेको एक जना विषय विज्ञ रहने भन्ने व्यवस्था भएकोले सो को लागि श्री महेश थापा ठेडी लाई विषय विज्ञको रुपमा तोक्ने ।

निर्णय नं.२,

प्रस्ताव नं. २ माथि छलफल गर्दा गंगदी स्वास्थ्य चौकीमा करारमा कार्यरत यस अघिको ल्याव अशिष्टेन्टको करार रद्ध गरिएकोले सोही स्थानमा एक जना ल्याव अशिष्टेन्ट र कर्महेल्थ संस्थामाबाट प्राप्त हुने एक्सरे मेसिन संचालनको लागि एक जना डार्करुम अशिष्टेन्ट आवश्यक परेकोले माथिका दुबै पदमा मासिक रु.१८,०००। पारिश्रमिक उपलब्ध गराउने गरी सम्बन्धित पदको लागि योग्यता पुरा भएका नेपाली नागरिकबाट करारमा भर्ना गर्न १५ दिने सूचना प्रकाशन गर्ने ।

निर्णय नं.३,

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोरोना माहामारीको सन्दर्भमा भएको लकडाउनको अबधिमा  नाका तथा अन्य  क्षेत्रमा राहात वितरण र नाका क्षेत्रमा अत्यावश्यक खाद्य तथा अन्य उपभोग्य सामाग्री उपलब्ध गराउने व्यक्तिहरुलाई ढुवानी उपलब्ध गराइदिन भनि विभिन्न वडा कार्यालयबाट शिफारिस भई आएकोले त्यसरी शिफारिस भइआएका तपशिलका व्यक्ति र तीनीहरुको ढुवानी भाडा विपद व्यवस्थापन कोष(कोरोण कोष) बाट भुक्तानी दिने ।

तपशिल

| क्र.स. | ढुवानी गर्ने व्यक्ति | ढुवानी गरेको परिमान( के.जी.मा) | भाडा दर | जम्मा ढुवानी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनिराम चौधरी | ५४५० | ६.५० | ३५४२५ | वडा न. ७ बाट |
| २ | मनिराम चौधरी | ९४०० | ६.५० | ६११०० | वडा न. ७ बाट |
| ३ | मनिराम चौधरी | ९४०० | २ | १८८०० | वडा न. ७ बाट |
| ४ | घनश्याम गिरी | ७२०२ | ६.५० | ४६८१३ | वडा न. ७ बाट |
| ५ | बेलसराम चौधरी | ३६५० | १.७५ | ६३८७.५ | वडा न. ४ बाट |
| ६ | बेलसराम चौधरी | ९६७० | १.७५ | १६९२३ | वडा न. ४ बाट |
| ७ | प्रकास यादव | २२०० | १.५० | ३३०० | वडा न. २ बाट |

| कुल जम्मा | | | १८८७४८ | |
|---|---|---|---|---|

निर्णय नं.४,

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय विकास निर्माणलाई प्रभावकारी बनाउन तथा विभिन्न राष्ट्रिय अभियानहरुलाई सफल बनाउन टोल विकास संस्था गठन गर्न आवश्यक भएको र टोल विकास संस्था गठन तथा संचालनको लागि टोल विकास संस्था संचालन तथा व्यवस्थापन कार्यविधि,२०७७ को मस्यौदा तयार गरी छलफलको लागि कार्यपालिकामा पेश हुन आएको छ, उक्त मस्यौदा माथि अध्ययन गरी आएका सुझावहरुलाई समेटी अर्को बैठकबाट स्वीकृत गर्ने गरी कार्यविधिको मस्यौदा प्रति वितरण गर्ने ।

निर्णय नं.५,

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गत आ.व.२०७६।७७ मा यस कार्यालयबाट भए गरेका तपशिल बमोजिमका क्रियाकलापहरु, सो मा गरिएको खर्च विवरण तथा सो को प्रगती सम्बन्धमा छलफल गरी देहायका सुझाव सहित अर्को बैठकमा अनुमोदन गर्ने ।

तपशिल

निर्णय नं.६,

प्रस्ताव नं.६ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,ज्याला,भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेछ भन्ने व्यवस्था भएकोले यस गाउँपालिकामा आ.व.२०७७।७८ को लागि स्थानीय दर रेट निर्धारण गर्न जिल्ला दररेट,हालको बजार मूल्य,भौगोलिक अवस्था समेतलाई विचार गरी गत आ.व.को दररेटमा आइटम थप,सुधार सहित ७ दिन भित्र प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।

तपशिल :

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | लेखा अधिकृत | सदस्य |
| ३. | इन्जिनियर | सदस्य |
| ४. | कम्प्यूटर अपरेटर वा सो सम्बन्धी काम गर्ने कर्मचारी | सदस्य |
| ५. | कार्यदलको संयोजकले छनौट गरेको प्राविधिक कर्मचारी | सदस्य-सचिव |

पुनश्च : (क) कार्यदलले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ख) आवश्यकता परेमा अन्य कर्मचारीलाई काममा लगाउन सक्नेछ ।